**प्रदेश सरकार**

# भौतिक पूर्वाधार विकास मन्त्रालय

**प्रदेश नं. १**

**विराटनगर, नेपाल**

पत्र संख्या :-

चलानी नं. :

मिति ...................

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

## प्रेस विज्ञप्ति

यातायात व्यवस्था कार्यालय, झापा, बिर्तामोडले मिति २०७७/९/१४ गते प्रकाशित गरेको सवारी चालक अनुमतिपत्र जारी गर्न लिईने प्रयोगात्मक परीक्षाको लागि ट्रायल सेन्टरहरुको सूचिदर्ताको लागि आशयपत्र पेश गर्ने सम्बन्धमा विभिन्न संचार माध्यमहरुमा प्रकाशित र प्रशारण भएको विषयहरु प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। सो सम्बन्धमा कार्यालयले जग्गा लिजमा लिई संचालन गरेका ट्रायल सेन्टरहरुमा पूर्वाधार निर्माण गर्दा र त्यसको मर्मत संभार तथा संचालन गर्दा प्रदेश सरकारलाई पर्न जाने आर्थिक भार तथा लिज अवधी समाप्त भएपछि निर्मित पूर्वाधार सम्बन्धित जग्गाधनीलाई छाड्नु पर्ने विद्यमान अवस्थालाई दृष्टिगत गरी तथा हाल प्रदेश सरकारले सरकारी प्रशासनिक खर्चको कटौती गर्ने गरी लिएको नीति समेतलाई ध्यानमा राखी त्यस्ता ट्रायल सेन्टरहरु लिजमा लिएर कार्यालय आफैले संचालन गर्नुको सट्टा नेपाल सरकार, यातायात व्यवस्था विभागवाट निर्धारण भएको मापदण्ड पुरा गरेका निजि क्षेत्रका सेवा प्रदायकहरु वीच प्रचलित कानून बमोजिम प्रतिस्पर्धा गराई सेवा प्राप्त गर्ने मनसायले गरिएको व्यहोरा सम्बन्धित सवैमा जानकारी गराइन्छ।

मितिः २०७७/०९/२४

रामप्रसाद फूयाल
उपसचिव